# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

३९औं वार्षिकोत्सव मुल समारोह प्रबन्ध समिति, २०८१

पदक तथा उपहार प्रबन्ध उप-समिति

## दीर्घसेवा पदक, अवकाश पदक तथा अमर विद्युतकर्मी सम्मान ग्रहण गर्न उपस्थित हुने बारेको सूचना

मिति: २०८१।०४।२३

नेपाल विद्युत प्राधिकरणको ३९औं वार्षिकोत्सवको उपलक्ष्यमा मिति २०८१ साल श्रावण ३१ गते विहीवार बिहान ११ बजे नेपाल विद्युत प्राधिकरणको प्रधान कार्यालय, काठमाण्डौमा मिति २०६० भाद्र १ गतेदेखि मिति २०६१ श्रावण मसान्तसम्म स्थायी नियुक्ति भई २०८१ श्रावण मसान्तसम्म २० वर्ष सेवा अवधि पुरा गरेका कर्मचारीहरुलाई दीर्घसेवा पदक र २०८० भाद्र १ गते देखि २०८१ श्रावण मसान्तसम्म अवकाश प्राप्त कर्मचारीहरुलाई अवकाश पदक प्रदान गरिने भएकोले पदक प्राप्त गर्ने कर्मचारीहरुले उक्त दिन कार्यालय पोशाकमा उपस्थित हुन यो सूचना प्रकाशित गरिएको छ । दीर्घ सेवा पदक तथा अवकाश पदक पाउने कर्मचारीहरुको नामावली प्राधिकरणको वेभ साइट www.nea.org.np मा राखिएको छ । पदक प्राप्त गर्नु हुने कर्मचारीहरुले मिति २०८१।०४।२९ र ३० गतेका दिन प्राधिकरणको प्रधान कार्यालय, केन्द्रीय कर्मचारी अभिलेख शाखामा परिचयपत्र/पेन्सन पट्टा सहित सम्पर्क राख्नु हुन समेत अनुरोध गरिन्छ ।

प्राधिकरणको कामको सिलसिलामा दुर्घटनामा परी मृत्यु भएका कर्मचारी (स्थायी, अस्थायी, म्यादी, ज्यालादारी) को परिवारलाई अमर विद्युतकर्मीको रुपमा सम्मानपत्र समेत प्रदान गरिने भएकोले सम्वन्धित कर्मचारीको परिवार मिति २०८१ श्रावण ३१ गते विहान ११:०० बजे उपस्थित भइ दिनु हुन सूचित गरिन्छ । अमर विद्युतकर्मी सम्मान पाउनु हुने महानुभावको नाम प्राधिकरणको वेभसाईटमा प्रकाशित गरिएको छ । अमर विद्युतकर्मी सम्मान पाउने कर्मचारीका परिवारलाई जानकारी गराई दिनु हुन समेत सम्वन्धित कार्यालयलाई यसै सूचना मार्फत अनुरोध गरिन्छ ।